आकाशवाणी

14th April, 2026 Tuesday

प्रमुख समाचारहरुबाट

१. प्रधानमन्त्री श्री मोदीद्वारा देहरादूनमा दिल्ली–देहरादून आर्थिक कोरिडरको उद्घघाटन
२. बिहारमा नयाँ मुख्यमन्त्री बन्ने बाटो सम्राट चौधरीका लागि खुला
३. प्रधानमन्त्री श्री मोदीले 'मेरा बूथ सबसे मजबूत संवाद' कार्यक्रम अन्तर्गत पश्चिम बंगालका पार्टी कार्यकर्तासँग गर्नुभयो अन्तरक्रिया
४. केन्द्र सरकारद्वारा राष्ट्रिय राजमार्ग शुल्क (चौथो संशोधन) नियम, २०२६ अधिसूचित

-----------

*1. प्रधानमन्त्री* - दिल्ली–देहरादून आर्थिक कोरिडर

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले उत्तराखण्डमा वर्षभरि पर्यटन प्रवर्द्धनको महत्वमा जोड दिनु भएको छ । देहरादूनमा दिल्ली–देहरादून आर्थिक कोरिडर उद्घाटन कार्यक्रममा सम्बोधन गर्नु हुँदै उहाँले राज्यको अर्थतन्त्रका लागि १२ महिनाको पर्यटन निर्णायक हुने बताउनुभयो। उहाँले शीतकालीन पर्यटन गन्तव्य, शीतकालीन खेलकुद तथा डेस्टिनेशन वेडिङका रूपमा राज्यको बढ्दो लोकप्रियताको उल्लेख गर्नुभयो। सन् २०२३ मा कैलाश र ओम पर्वतको आफ्नो भ्रमणको स्मरण गर्नु हुँदै उहाँले त्यस यता श्रद्धालुहरूको सङ्ख्या उल्लेख्य रूपमा बढेको बताउनुभयो। यसले यहाँका स्थानीय बासिन्दाकालागि रोजगारी तथा आम्दानीका अवसरहरू सिर्जना गरेको छ । दिल्ली–देहरादून आर्थिक कोरिडरको फाइदाबारे उल्लेख गर्नु हुँदै प्रधानमन्त्रीले यसले पर्यटकहरूको बढ्दो आगमनसँगै आतिथ्य, यातायात र अन्य स्थानीय सेवासँग आबद्ध व्यक्तिहरूको आय वृद्धि हुने बताउनुभयो।

प्रधानमन्त्रीले उत्तराखण्डको प्राकृतिक सौन्दर्य र पवित्रतालाई संरक्षण गर्नु पर्यटनलाई दीर्घकालीन रूपमा कायम राख्न आवश्यक रहेको उल्लेख गर्नुभयो। यसबाट राज्यलाई दीर्घकालीन आर्थिक लाभ प्राप्त हुने उहाँको भनाइ रहेको छ।

*2.* पश्चिम बंगाल चुनाव

पश्चिम बंगाल चुनाउ नजिकिदै जाँदा विभिनन पार्टीको प्रचार प्रसार तीव्र भेको छ । वरिष्ठ भाजपा नेता तथा केन्द्रीय गृहमन्त्री श्री अमित शाहले आज दार्जिलिङ पहाड क्षेत्रमा गोर्खा समस्याको समाधान पश्चिम बंगाल विभाजन नगरी गरिने बताउनु भएको छ । उत्तर बंगालको दक्षिण दिनाजपुर जिल्लाको गंगारामपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्न हुँदै उहाँले भाजपा सरकार बनेपछि राजनीतिक हिंसा, सिन्डिकेट राज अन्त्य गर्ने र घुसपैठियाहरूलाई हटाउने प्रतिबद्धता व्यक्त गर्नु भयो । साथै उत्तर बंगालमा एम्स, ६ सय पलंगको क्यान्सर अस्पताल, आईआईटी, आईआईएम र खेल विश्वविद्यालय निर्माण गरिने बताउनु भयो । यसरी नै रायगञ्ज र माल्दामा आयोजित चुनावी सभालाई सम्बोधन गर्नु हुँदै वरिष्ठ काङ्ग्रेस नेता श्री राहुल गाँधीले तृणमूल काङ्ग्रेस सरकारको आलोचना गर्नु हुँजै राज्यका युवालाई रोजगारी दिने वाचा पूरा नगरेको आरोप लगाउनु भयो साथै मतदाता नामावलीको विशेष सघन पुनरावलोकन (SIR) लाई असंवैधानिक भएको बताउनु भयो ।

3. पश्चिम बंगालका कार्यकर्ता - प्रधानमन्त्री मोदी

वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री श्री नरेद्र मोदीले आज 'मेरा बूथ सबसे मजबूत संवाद' कार्यक्रम अन्तर्गत नमो एपमार्फत पश्चिम बंगालका पार्टी कार्यकर्तासँग अन्तरक्रिया गर्नु भएको छ ।यस अवसरमा प्रधानमन्त्री श्री मोदीले भाजपाद्वारा सार्वजनिक गरिएको घोषणापत्रले राज्यका जनताबाट राम्रो प्रशंसा पाइरहेको बताउनु भएको छ । उहाँले पार्टी कार्यकर्तामा देखिएको ऊर्जा, उत्साह र जोश प्रशंसनीय रहेको उल्लेख गर्नु हुँदै तृणमूल कांग्रेस सरकारको कथित कुप्रशासनबारे प्रभावकारी रूपमा जनतासम्म सन्देश पुर्‍याएकोमा कार्यकर्ताहरूको प्रशंसा गर्नु भयो । साथै राज्यमा भाजपाद्वारा आयोजना गरिएका हरेक कार्यक्रममा समाजका सबै वर्गको उत्साहजनक सहभागिता रहेको पनि बताउनु भएको छ ।

*4. राष्ट्रिय राजमार्ग शुल्क- संशोधित नियम*

सरकारले राष्ट्रिय राजमार्गहरूमा अत्यधिक भार बोकेका सवारीसाधनबाट शुल्क संकलनलाई सुदृढ र व्यवस्थित बनाउन “राष्ट्रिय राजमार्ग शुल्क (चौथो संशोधन) नियम, २०२६ अधिसूचित गरेको छ। सडक यातायात तथा राजमार्ग मन्त्रालयले यस संशोधनको उद्देश्य निर्धारित भार सीमाको पालना सुनिश्चित गर्नु, सडक सुरक्षा बढाउनु तथा राजमार्ग पूर्वाधारको संरक्षण गर्नु रहेको जनाएको छ । यी संशोधित नियमहरू भोलिदेखि लागू हुनेछन्।

संशोधित प्रावधानअनुसार अतिरिक्त भार बोकेका सवारीसाधनमा अतिभारको प्रतिशतका आधारमा शुल्क लाग्नेछ। मन्त्रालय अनुसार अतिभार शुल्क केवल फास्ट्यागमार्फत संकलन गरिनेछ र यस्ता सवारीहरूको विवरण राष्ट्रिय सवारी दर्ता प्रणालीमा अभिलेख गरिनेछ। यस संशोधनबाट नियमको पालना बढ्ने, ओभरलोड सवारीका कारण हुने सडक क्षति घट्ने तथा राष्ट्रिय राजमार्गहरूमा सामानको सुरक्षित र प्रभावकारी आवागमनमा सुधार आउने अपेक्षा गरिएको छ।

*5. बिहारमा नयाँ मुख्यमन्त्री बन्ने बाटो सम्राट चौधरीका लागि खुला*

भारतीय जनता पार्टीका विधायक श्री सम्राट चौधरीलाई बिहारमा भाजपा विधायक दलको नेता चयन गरिएको छ। यससँगै राज्यको आगामी मुख्यमन्त्री बन्ने उहाँको बाटो खुला भएको सम्भावना दह्रिलो भएको छ। यसको घोषणा पटनामा सम्पन्न भाजपा विधायक दलको बैठकपछि गरिएको हो। केन्द्रीय पर्यवेक्षकका रूपमा नियुक्त श्री शिवराज चौहानले श्री सम्राट चौधरी सर्वसम्मत रूपमा नेता चयन भएको जानकारी दिनु भयो ।

विधानसभा केन्द्रीय हलमा राष्ट्रिय जनतान्त्रिक गठबन्धनका विधायकहरूको संयुक्त बैठकमा श्री सम्राट चौधरीको नाम समर्थन गरिनेछ । त्यसपछि उहाँ सरकार गठनको दाबी पेश गर्न लोक भवन जानुहुनेछ । मुख्यमन्त्रीका रूपमा श्री निशित कुमारले राजीनामा दिएपछि यो प्रक्रिया अघि बढेको हो। उहाँलाई हालै राज्यसभाको सदस्य पनि बनाइएको छ। श्री चौधरीले प्रधानमन्त्री श्री नरेद्र मोदीको नेतृत्वमा बिहारलाई अगाडि बढाउन आफू निरन्तर प्रयासरत रहने बताउनु भएको छ। नयाँ मुख्यमन्त्रीको शपथग्रहण समारोह भोलि हुने सम्भावना रहेको छ।

### *6. महिला आरक्षण - प्रधानमन्त्री मोदी*

प्रधानमन्त्री श्री नरेद्र मोदीले महिलाहरूको नीति निर्माण तथा निर्णय प्रक्रियामा सक्रिय सहभागिताले सन् २०४७ सम्म विकसित भारत बनाउने लक्ष्य अझ सुदृढ हुने बताउनु भएको छ। नारी शक्तिलाई लेखिएको पत्रमा उहाँले १६ अप्रिलमा संसद् पुनः बैठक बस्ने र नारी शक्ति वन्दन ऐनसँग सम्बन्धित महत्वपूर्ण संवैधानिक संशोधनमाथि छलफल गरी पारित गर्ने जानकारी दिनु भएको छ। उहाँले सन् २०२९ को लोकसभा तथा विभिन्न विधानसभा निर्वाचनमा महिला आरक्षण पूर्ण रूपमा लागू भए लोकतन्त्र अझ बलियो र जीवन्त बनाउने बताउनु भयो। श्री मोदीले यो कानुन पारित गर्न कुनै ढिलाइ हुनु दुर्भाग्यपूर्ण हुने र यसले महिलामाथि ठूलो अन्याय हुने पनि बताउनु भएको छ। जब विधानसभामा महिलाको आवाज सशक्त हुन्छ, तब लोकतन्त्रको आवाज पनि बलियो हुन्छ भन्ने मन्तव्य राख्नु भयो।

### *7. आईपीएल*

आईपीएलमा आज ७:३० बजेदेखि यस सिजनमा कमजोर प्रदर्शन गरिरहेका दुईवटा टोली चेन्नइ सुपर किंग्स र कोलकाता नाइट राइडर्सबीच प्रतिस्पर्धा हुँदैछ। चेन्नईस्थित एम ए चिदमबरम स्टेडियममा सम्पन्न हुने यस खेलमा चेन्नई सुपर किंग्सको पल्ला भारी देखिएको छ, किनकि टोलीले यही मैदानमा दिल्ली क्यापिटल्सलाई हराउँदै सिजनको पहिलो जित दर्ता गरेको थियो।
अर्कोतर्फ, केकेआरले धेरै प्रयास गरे पनि अहिलेसम्म जित हासिल गर्न सकेको छैन र चेन्नईविरुद्धको यस खेलमा पहिलो जितको खोजीमा मैदान उत्रिनेछ।

### *8. एलपीजी आपूर्ति पर्याप्त, नागरिक सुरक्षामा सरकारको जोड*

सरकारले विश्वव्यापी अनिश्चितताबीच पनि देशभरि घरेलु एलपीजी, पीएनजी र सीएनजीको आपूर्ति पूर्ण रूपमा सुनिश्चित गरिएको जनाएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका अनुसार पेट्रोल, डिजेल र एलपीजीको पर्याप्त भण्डारण रहेको छ र कतै पनि अभाव छैन। अनलाइन एलपीजी बुकिङ ९८% ले बढेको छ भने प्रवासी श्रमिकका लागि ५ केजीका सिलिन्डरको उल्लेख्य बिक्री भएको छ। साथै, लाखौँ नयाँ पीएनजी जडान थपिएका छन् र व्यावसायिक एलपीजीको बिक्री पनि उल्लेखनीय रहेको बताएका छन्।